नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर

## चिकित्सा शिक्षा आयोगको छाप (लोगो) डिजाइन गर्ने सम्बन्धी सूचना

**दोस्रो पटक सूचना प्रकाशित मिति : २०८१/२/१**

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ मा चिकित्सा शिक्षा आयोगको सबै कामकारबाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ भन्ने प्रावधान बमोजिम चिकित्सा शिक्षा आयोगले आफ्नो छाप (लोगो) डिजाइन गर्न लागेको छ। यसका लागि आयोगको चिनारी र सोच झल्किने गरी विशिष्टकृत रुपमा आयोगको छाप (लोगो) डिजाइन गर्न इच्छुक ग्राफिक डिजाइनरहरूबाट देहाय बमोजिमको कार्यशर्तमा रहि छाप (लोगो) डिजाइन माग गरिएको छ।

### क) छाप (लोगो) डिजाइन सम्बन्धी शर्तहरु:

१. चिकित्सा शिक्षा आयोगको लोगोमा आयोगको चिनारी र सोच झल्किएको हुनुपर्नेछ।

२. लोगोको डिजाइनलाई color artwork र B/W line artwork श्यामश्वेत रेखीय गरी दुई स्वरुपमा तयार गरी पेश गर्नु पर्नेछ।

३. डिजाइन गरिएको छाप (लोगो) को मुद्रित प्रति र डिजिटल दुबै प्रति पेश गर्नु पर्नेछ।

४. लोगोमा प्रयुक्त आकृति रुपमा ठुलो वा सानो जुनसुकै आकारमा पनि प्रष्ट देखिने तथा बुझिने हुनुपर्नेछ।

५. अर्थ संप्रेषण गर्नका लागि अत्यावश्यक न्यूनतम रङ, लोगो डिजाइनमा रेखा, रङ, आकृति तथा अक्षर प्रयोग यथासम्भव कम भई सन्देश स्पष्ट भएको हुनुपर्नेछ।

६. पूर्व सार्वजनिक भइसकेका वा अन्य संस्थाको लोगोको नक्कल गरी पेश भएका डिजाइनहरू अस्वीकृत हुनेछन।

### ख) छनोटका प्रक्रियाहरू

विषय विज्ञ र आयोगका पदाधिकारी संलग्न लोगो निर्माण समितिले देहाय बमोजिम तीन चरणमा कार्यसम्पादन गर्नेछ।

१.**पहिलो चरण**: पेश भएका लोगोका सबै डिजाइनहरू मध्येबाट उत्कृष्ट पाँच ओटा डिजाइनहरू छनोट गरिनेछ।

२.**दोस्रो चरण**: समितिले छनोट भएका पाँच ओटै डिजाइनहरूको अध्ययन गरी आवश्यक परिमार्जन गर्न आग्रह गर्न सक्नेछ। डिजाइन परिमार्जन गर्न समितिबाट आग्रह भएमा डिजाइनरहरूले सोही बमोजिम परिमार्जन गरी पेश गर्नु पर्नेछ।

३.**तेस्रो चरण**: अन्तिम पाँच उत्कृष्ट डिजाइनहरू मध्येबाट एउटालाई अन्तिम डिजाइनको रुपमा छनोट गरिनेछ।

### ग) छनौट भएका लोगो डिजाइनलाई प्रदान गरिने पुरस्कार

१. उत्कृष्ट पाँच लोगो डिजाइनहरूलाई प्रोत्साहन पुरस्कार प्रदान गरिनेछ।

२. सर्वोत्कृष्ट छाप (लोगो) डिजाइनलाई उचित पुरस्कार तथा कदरपत्र उपलब्ध गराइनेछ।

### घ) पेश गर्ने अन्तिम मिति र ठेगाना

१.**पेश गर्ने अन्तिम मिति** :- २०८१ जेठ १५ गतेसम्म।

२.**ठेगाना**:-डिजाइन गरिएको लोगोलाई चिकित्सा शिक्षा आयोगको कार्यालयीय इमेल ठेगाना info@mec.gov.np मार्फत वा आयोगको कार्यालयमा छापा प्रति र डिजिटल दुबै प्रति उपलब्ध गराउनु पर्नेछ।

उपसचिव
चिकित्सा शिक्षा आयोग